# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, फागुन २५ गते २०५० साल (अतिरिक्ताङ्क ६८


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. ३४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको व्यवस्था गर्न बनेको** ऐन

**प्रस्तावना : नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयको अध्ययन, अन्वेषण एवं मौलिक सृजनाको**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माध्यमद्वारा उपयोगी कृतिहरु तयार गर्न गराउन तथा यस क्षेत्रका विद्वान एवं प्रतिभाहरुको समुचित कदर एवं सम्मान गर्न र उपर्युक्त विषय सम्बन्धी आवश्यक अन्य कार्य राष्ट्रिय एवं अन्तरराष्ट्रिय स्तरमा सम्पन्न गराई तथा सृजनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सहभागिता र अभिरुचि बढाई बौद्धिक तथा सांस्कृतिक क्षेत्रको सर्वाङ्गीण विकास गर्न वि.सं. २०१४ मा स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई समयानुकूल बढी सक्षम बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञ परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(ङ) "सह-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको सह-कुलपति सम्झनु पर्छ ।

(च) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।

(ज) "सेवा आयोग" भन्नाले दफा १३ बमोजिमको सेवा आयोग सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>प्रज्ञा प्रतिष्ठान कायम रहने</u> : (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान यस ऐन अन्तर्गत स्थापना भएको मानी कायमै रहनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र प्रज्ञा केन्द्रहरु खोल्न सक्नेछ ।

४. <u>प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने</u> : (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप र प्रतीक चिन्ह हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : (१) प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयको अध्ययनद्वारा उपयोगी ग्रन्थ एवं कृतिहरु तयार गर्ने, गराउने,

(ख) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरुको सृजना एवं प्रकाशन गर्ने, गराउने,

(ग) विदेशी भाषाबाट नेपालको राष्ट्रभाषा नेपालीमा र नेपालका राष्ट्रिय भाषाहरुमा, नेपालका राष्ट्रिय भाषाबाट नेपालको राष्ट्र भाषा नेपालीमा, नेपालको राष्ट्र भाषा नेपालीबाट नेपालका राष्ट्रिय भाषाहरुमा र आवश्यकता अनुसार नेपालको राष्ट्र भाषा नेपाली र नेपालका राष्ट्रिय भाषाबाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरुको अनुवाद एवं प्रकाशन गर्ने, गराउने,

(घ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा प्रवचन, गोष्ठी, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने,

(ङ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी,



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विचार-विमर्श, प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने, गराउने,

(च) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न क्षेत्रसंग सम्बन्धित अन्तरराष्ट्रिय संघ संस्थासंग सम्बन्ध राख्ने,

(छ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान्, साहित्यकार एवं कलाकारहरुको कदर तथा सम्मान गर्ने,

(ज) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विकासको निमित्त सम्बन्धित विषयका विद्वान, साहित्यकार र कलाकारहरुको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिबृद्धि गर्ने,

(झ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, कलाकार तथा सम्बन्धित अन्य संस्थाहरुको विकासमा सहयोग पु-याउने,

(ञ) प्रज्ञा प्रतिष्ठानसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

(२) प्रज्ञा प्रतिष्ठानले देहायका प्राज्ञिक विभागहरु निर्माण गरी प्राज्ञिक विकास र विस्तार गर्नका लागि कियाशिल रहनेछ :-

(क) भाषा-साहित्य

(ख) संस्कृति-सामाजिक शास्त्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(ग) नाट्य-संगीत

(घ) कला-कौशल ।

६. प्रज्ञा प्रतिष्ठानको संगठन : प्रज्ञा प्रतिष्ठानको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामुहिक रुप नै प्रज्ञा प्रतिष्ठानको स्वरुप हुनेछ:-

(क) प्रज्ञा सभा

(ख) प्राज्ञ परिषद्

(ग) सेवा आयोग ।

७. सभाको गठन : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्रज्ञा सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) उपकुलपति -सदस्य

(घ) विश्वविद्यालयहरुका उपकुलपतिहरु मध्येबाट कुलपतिले मनोनीत गरेको एक जना उपकुलपति -सदस्य

(ङ) प्रज्ञा प्रतिष्ठानका निकटतम भूतपूर्व उपकुलपति -सदस्य

(च) प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यहरु -सदस्य

(छ) सचिव, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सचिव, अर्थ मंत्रालय -सदस्य

(झ) नेपालको राष्ट्रभाषा नेपाली. नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा सामान्यत: निरन्तर रुपमा पन्ध्र वर्षदेखि कार्यरत रही आ-आफ्ना विषय क्षेत्रमा उल्लेखनीय योगदान दिएका व्यक्तिहरु मध्येबाट माथिका सबै विषयहरुको सन्तुलित प्रतिनिधित्व हुने गरी तीसजना -सदस्य

(ञ) सचिव -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमका सदस्यहरुको मनोनयनको लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति सहित विभिन्न क्षेत्रका विद्वान तथा ख्याति प्राप्त व्यक्तिहरु रहेको पाँच सदस्यीय समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट सदस्यहरुको मनोनयन हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राज्ञ परिषद्लाई मार्ग दर्शन गर्ने र निर्देशन दिने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) विद्वतवृत्ति, सम्मान, प्रज्ञा मानार्थ तथा आजीवन सदस्यता प्रदान गर्ने,

(घ) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्कृति र सामाजिक शास्त्रको क्षेत्रमा उत्कृष्ट योगदान दिने संस्था वा व्यक्तिलाई उपयुक्त कदर, सम्मान वा पुरस्कारको व्यवस्था गर्ने, गराउने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउने,

(च) प्रज्ञा प्रतिष्ठानको बजेट पारित गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको काम कारबाही सम्बन्धमा आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ज) सभामा पेश भएका वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

(झ) प्रज्ञा प्रतिष्ठानको काम कारबाहीसंग सम्बन्धित अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

९. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा सभाको उपाध्यक्षले गर्नेछ र सभाको अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(३) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सभाको बैठकमा भाग लिए बापत सभाका अध्यक्ष र सदस्यहरुले पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८६५

१०. प्राज्ञ परिषद्को गठन : (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्ने देहाय बमोजिमको प्राज्ञ परिषद् हुनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) कुलपतिबाट मनोनीत बढीमा नौजना व्यक्तिहरु -सदस्य

(ग) सचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरु मनोनयनका लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति तथा यथासम्भव प्रज्ञाका सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी दफा ७ को उपदफा (२) को खण्ड (झ) बमोजिमका सभाका सदस्यहरु सहितको पाँच सदस्यीय एक समितिको गठन हुनेछ र सोही समितिको सिफारिशमा कुलपतिबाट सदस्यहरुको मनोनयन हुनेछ ।

(३) प्राज्ञ परिषद्का मनोनीत सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

११. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार: प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) सभाद्वारा दिइएका निर्देशनहरु पालन गर्ने, गराउने,

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरु तयार गरी स्वीकृति वा अनुमोदनको लागि सभामा पेश गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(च) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(छ) विद्वतवृत्ति, सम्मान, प्रज्ञा मानार्थ तथा आजीवन सदस्यता, पुरस्कार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

(ज) प्रज्ञा प्रतिष्ठानको विभिन्न निकायहरुको व्यवस्थापन र प्रशासनको लागि आवश्यक व्यवस्था गर्ने,

(झ) प्रज्ञाकेन्द्रहरु संग आवश्यक समन्वय राख्ने,

(ञ) स्वदेशी तथा विदेशी प्राज्ञिक संघ, संस्था वा संगठनसंग सम्पर्क राख्ने,

(ट) प्रज्ञा प्रतिष्ठानको कार्य सञ्चालनको लागि सभाद्वारा निर्देशित र तोकिए बमोजिमका अन्य आवश्यक काम गर्ने, गराउने ।

१२. <u>प्राज्ञ परिषद्को बैठक</u> : (१) प्राज्ञ परिषद्को बैठक सामान्यतया वर्षको छ पटक बस्नेछ ।

(२) प्राज्ञ परिषद्को बैठकको अध्यक्षता प्राज्ञ परिषद्को अध्ययक्षले गर्नेछ र निजको अनुपस्थितिमा प्राज्ञ परिषद्का सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले प्राज्ञ परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) प्राज्ञ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि प्राज्ञ परिषद्ले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।